**शान्ति र संविधान सभाका लागि महिला आन्दोलन**
**जिल्ला स्तरीय पैरवी, प्रदर्शनी र र्‍याली**

# अवधारणा पत्र

२० जुलाई, २०११ (श्रावण ४, २०६८)

**पृष्ठभूमि :**
'शान्ति र संविधान सभाका लागि महिला आन्दोलन' नयाँ वर्ष २०६८ देखि जारी छ । धर्ना, र्‍याली र प्रदर्शन, पत्रकार सम्मेलन र रणनैतिक पहलहरू परिवर्तन भइरहेको राजनीतिक सन्दर्भमा (उदाहरणका लागिः पार्टी कार्यालयहरूको भ्रमण, कार्यशाला गोष्ठी/अन्तक्रिया र शक्तिखोरस्थित लडाकु शिविरको भ्रमण) पनि उपयुक्त र जारी रहेका छन् । सात महिला संजालको पहल र नेतृत्वमा सुरु गरिएको आन्दोलनमा अहिले अरु सदस्यहरूको सम्मिलित भएर विस्तार हुँदै गएको छ । यो आन्दोलन महिलाहरूले नेतृत्व गरेका अरु आन्दोलनभन्दा फरक रहेको छ किनभने यसले सैद्धान्तिक र व्यक्तित्व विभाजनलाई मात गरेको छ ।

यो अनवरत सक्रियताको दौरानमा, देशव्यापी पहलमार्फत महिलाहरूको (र सहयोगी पुरुषहरू) व्यापक सहभागिता गराउनु महत्वपूर्ण हुने महसूस गरिएको छ । संविधान सभाको सुरक्षित अवतरण सुनिश्चित गराउन र जारी शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउनका लागि विशाल नागरिक समाज र स्थानीय तहमा नागरिकहरूको सहभागिता गराउनु अति आवश्यक देखिएको छ । त्यसैले सक्रिय महिला नेतृत्वहरू, महिला संगठन तथा सञ्जालहरूलाई श्रावण मसान्तदेखि जिल्ला तहमा सहभागिता बढाउँदै म्याद थपिएको संविधान सभाको अन्तिम दिन भदौ १४ गतेसम्म काठमाडौंमा जम्मा हुने प्रकृयामा सहभागी हुन आग्रह गरिएको छ ।

**उद्देश्यहरू :**
जिल्ला स्तरीय पैरवी, प्रदर्शनी र र्‍यालीका उद्देश्यहरू निम्न लिखित छन् :

- नेपालभरिका सक्रिय महिला नेतृत्व, उनीहरूका संस्थाहरू र महिला मानवअधिकार रक्षकहरूको सहभागिता गराउने
- संविधान सभा र शान्तिका लागि आम नागरिकको सहभागिता गराउने
- देशलाई राष्ट्रिय दुर्घटनामा पर्नबाट बचाउनका लागि संविधान सभा र शान्ति प्रक्रियालाई तार्किक र समयोचित निष्कर्षमा पुर्‍याउन राजनैतिक दलहरू तथा तिनको नेतृत्लाई दवाव दिने
- महिला-मैत्री संविधान सुनिश्चित गर्ने

**मुख्य कार्यक्रम तथा कार्यपद्धतिको रुपरेखा :**
जिल्ला तहका गतिविधिहरूभन्दा अगाडि जिल्लामा संयोजन गर्नका लागि त्यहाँको सक्रिय महिला नेतृत्वहरुका लागि पूर्व-गतिविधि अभिमुखीकरण कार्यक्रम गरिने । निम्न लिखित कुराहरू सुनिश्चित गर्न विराटनगर, चितवन र नेपालगञ्ज गरी तीन क्षेत्रमा जिल्ला तहका गतिविधिहरू गरिने छः

- अवधारणा तथा कार्यप्रणालीका बारेमा स्पष्ट समझदारी
- सामूहिक कार्ययोजना तथा आवश्यक रणनीति (मिडिया कभरेज, पैरवी र नागरिक वर्गको व्यापक सहभागिता), र
- प्रतिवेदनमा एकरुपता (आर्थिक र कार्यक्रम) र प्रक्रिया, नतिजा, उपलब्धि र अस्पष्ट स्वयंसेवी समयको लेखाजोखा र दक्षता जस्ता कुराको देस्तावेज लेख्ने

**भाग १** - जिल्ला तहका स्थानीय पहल सामेल भएको सुनिश्चित गर्न :

- जिल्ला प्रशासन कार्यालय र सम्बन्धित अन्य सरकारी तथा आधिकारिक निकायहरूमा अवधारण पत्रको आधिकारिक हस्तान्तरण
- पदयात्रा र प्रदर्शन, र
- आमसभा वा अन्तरक्रिया र सचेतना अभिवृद्धि कार्यक्रम
- स्थानीय तहको आयोजना र संयोजन (कार्यक्रम तथा मिडिया)

**भाग २ -** नेपालको कुनै पनि जिल्लाका स्थानीय महिला नेतृहरूलाई ऱ्यालीमा सहभागी हुन भदौ १३ सम्म काठमाडौं आइपुगिसक्ने बनाउने । उनीहरू यात्रा गर्दै एक जिल्लाबाट अर्को जिल्ला तहको कार्यक्रममा सहभागी हुन जाँदा आफ्नो जिल्लाको सन्देश आफू सहभागी हुने अर्को जिल्लामा पुऱ्याउने छन्, जसले आन्दोलनलाई गति दिनमा सहायता गर्ने छ । काठमाडौं आइपुग्नुअगाडि पूर्व-पश्चिम राजमार्गका विभिन्न ठाउँमा कम्तीमा तीन वटा महत्वपूर्ण आम सभा गरिने छन् । राजनीतिक दल र संविधान सभालाई आवश्यक दवाव दिनका लागि भदौ १४ गते काठमाडौंमा ऱ्याली र प्रदर्शन गरिने छ ।

**भाग ३ -** यो पहलको अर्को पक्ष चाहिँ नेपालका सबै महिला र विशाल नागरिक वर्गको सहभागिता कसरी गराउन सकिन्छ भनेर हेर्ने हो - त्यसैले पाखुरामा निलो फित्ता बाँध्ने अवधारणा पनि घोषणा गरिने छ । यसबाट नेपालभरि प्रतीकात्मक ऐक्यवद्धताको प्रवर्द्धन गर्न सकिनेछ ।

काठमाडौंमा रहेका महिला नेतृहरूले पनि जिल्ला तहका कार्यक्रम तथा ऱ्यालीहरूमा भाग लिने वा लिन सक्नेछन् ।

**कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका रणनीतिहरू :**
यो प्रक्रियालाई सहज बनाउनका लागि संकल्पले आफ्नो जिल्ला तहको सञ्जाललाई प्रयोग गर्ने छ । आन्दोलनमा सहभागी सबै संस्थाहरूले अधिकतम उपलब्धि हासिल गर्नका लागि आफ्नो स्थानीय तहको नेतृहरूलाई सूचित बनाउने र सक्षम गराउने छन् । संकल्पले प्रारम्भिक नक्साङ्कन र संयोजनको भूमिका निभाउने नेतृहरूको पहिचान गर्ने छ । संयोजनको भूमिका निभाउने नेतृहरूले संयोजन समितिसँगको सहकार्यमा स्थानीय तहको आन्दोलन निर्माण प्रक्रियालाई सुचारु रुपले अगाडि बढाउने कुराको सुनिश्चित गर्ने छन् । आवश्यकता र समयलाई ध्यान दिँदै, यो कार्यक्रमलाई संकल्पको आन्दोलन निर्माण कार्यक्रमअन्तरगतको कोषबाट आर्थिक सहयोग गरिने छ तर कार्यक्रमको श्रेय भने पूर्ण अन्दोलनलाई रहने छ भने काम र स्वामित्व सबैमा बाँडिने छ ।

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि निम्न लिखित रणनीतिहरू आवश्यक रहेका छन् :

- जिल्ला र केन्द्रीय तहमा सहभागी हुने सबै संस्थाहरूको स्पष्ट अवधारणा र स्वामित्व
- कार्यक्रमको प्रभावकारी कभरेज तथा सूचना प्रवाहका लागि मिडिया प्ररिचालन
- स्थानीय तहका सरकारी र गैरसरकारी संस्थाहरू र नागरिक वर्गलाई सामेल गराउने
- स्थानीय तहमा सुरक्षित स्थान तथा सुरक्षाका उपायहरू राख्ने
- सम्पूर्ण कार्यक्रममा पारदर्शिता र उत्तरदायित्वको विकास गर्ने
- राष्ट्रिय र स्थानीय स्वामित्व विकासका लागि नगद वा स्थानीय स्रोतको प्रयोग गरी व्यक्तिगत योगदानको विकास गर्ने
- स्वयम्सेवी कार्यप्रणालीलाई सकेसम्म कायम राख्ने र
- हिंसामुक्त र शान्तिपूर्ण तरिका अपनाउने

**अन्दोलनका अपेक्षित नतिजा र उपलब्धिहरू :**
निम्न लिखित बुँदाहरू नेपालको ऐतिहासिक महिला आन्दोलनको अपेक्षित नतिजा र उपलब्धिहरू हुनसक्ने छन् :

- सामूहिक कार्यबाट सहकार्य
- विस्तृत प्रक्रिया र विषयवस्तुको ज्ञान
- पहुँच नभएको ठाउँमा दवावको प्रयास तथा पूर्ण जागरण
- स्थानीय-केन्द्रीय निकटता/बुझाइ/ज्ञानको बलियो बनाउने
- विविधता र पुस्तान्तरबीचको सिकाइ
- हरेक तहमा महिला र “महिला शक्ति” को प्रत्यक्ष अनुभव
- महिला-मैत्री संविधान
- नेपालको संविधान निर्माण प्रक्रियामा महिलाको भूमिकाको पहिचान

**चुनौती तथा जोखिमहरू :**
सम्भावनाहरूको विस्तारित संवोधनका लागि यी चुनौतीहरूको संकेत गरिन्छ :

- केन्द्रदेखि जिल्ला र स्थानीय तहसम्म सिर्जना हुनसक्ने असमझदारी तथा अन्योल हटाउन प्रभावकारी सूचना प्रवाह तथा संयोजन
- दिगो उर्जा र रुचि
- नागरिक वर्गको व्यापक सहभागिता
- शान्तिपूर्ण र प्रभावकारी कार्यक्रमको सुनिश्चितता (शून्य सुरक्षा जोखिम)
- प्रभावकारी ढंगले मिडियाको सहभागिता

**बजेट :**

- जिल्ला तहका र्‍याली तथा आमसभा र अवधारण पत्रको प्रस्तुतीकरण/वितरण (तुल, हाते पुस्तिका, दुई वटा कार्यक्रमका लागि नास्ता, संस्थागत संयोजन शुल्क (श्रोत व्यक्ति ?), प्रतिवेदन लेखन, मिडिया संयोजन, अन्य)
- सहभागी नेतृहरूलाई यात्रा तथा आवास खर्च
- यातायात खर्च
- तुल र अरु व्यवस्थापकीय खर्च (logistic support) उदाहरणका लागि : माइक तथा अन्य
- खाना र आवास खर्च
- नास्ता
- सञ्चार खर्च

**आर्थिक व्यवस्थापन र पारदर्शिता :**

यो प्रक्रियामा आर्थिक व्यवस्थापन र पारदर्शिता विकास गर्नुपर्ने छ । वास्तविक खर्च अनुमान गर्न सकियोस् भन्नका लागि स्वयम्सेवी समय र विज्ञताको पनि हिसाबकिताव गरिनुपर्छ । यसलाई औचित्यका आधारमा सार्वजनिक रुपमा देखाउन पनि सक्छौं । जस्तैः

- आम्दानीको स्रोत
- खर्च, र
- स्वयमसेवी समय र विज्ञताको योगदान ।

अथवा आय/व्ययको अन्तिम आर्थिक प्रतिवेदन छापेर बाँड्न पनि सकिनेछ ।

**निष्कर्ष :**

नेपालमा अहिले हामी महिला नेतृहरूको सहभागी हुनुभन्दा अरु कुनै उपाय छैन । हालैका वर्षहरूमा जोशपूर्ण नागरिक समाजको आन्दोलनको अभाव देखिएको छ । हामी विषेश गरी महिला भएकै नाताले राजनैतिक र शान्तिप्रक्रियाको सफल अवतरण नभएसम्म यसतर्फ हाम्रो ध्यान केन्द्रित भइरहनु जरुरी देखिन्छ । यो प्रयासमा, सविधान निर्माणमा हाम्रा अधिकारहरू सुनिश्चित र सुरक्षित भएको सुनिश्चितता हुनुपर्छ ।

हाम्रो लक्ष्य ठूलो छ । हामी एकीकृत, केन्द्रित र अनुशासित हुनु जरुरी छ । भ्रम र असहमति भए अहिले नै समाधान गर्नु जरुरी छ । पछाडि बोल्ने र कुरा काट्ने गर्नाले अन्योल मात्र फैलाउने नभई हाम्रो प्रयासलाई नै कमजोर बनाउने छ ।